# मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।६।१७

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ २०७६।५।४

प्रस्तावना : मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७१ बमोजिम ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(ख) "मन्त्री" भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्रीसमेत सम्झनु पर्छ ।

(ग) "मुख्यमन्त्री" भन्नाले प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ ।

३. पारिश्रमिक : (१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक दिइनेछ ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई पदकायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ ।

४. आवास सुविधा : (१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको अवस्थामा मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ।

(६) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

५. सवारी तथा इन्धन सुविधा : (१) मुख्यमन्त्री र मन्त्रीलाई सवारीको लागि चालक सहितको मोटर र अनुसूची-१ मा उल्लेख भए बमोजिमको इन्धन र मोवील उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोवील उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्नेछ ।

(४) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. विजुली, धारा र सञ्चार सुविधा : (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई विजुली, धारा, इन्टरनेट, टेलिफोनको महसूल र पत्रपत्रिका बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

७. उपचार सुविधा : (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा वील बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी प्रदेश वा नेपाल मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन् ।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

८. दैनिक तथा भ्रमण भत्ता : (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम भ्रमण गर्दा मन्त्रीले मुख्य मन्त्रीवाट पूर्व स्वीकृति लिनु पर्नेछ र भ्रमणवाट फर्केपछि मुख्यमन्त्रीसमक्ष प्रतिवेदन पेश गरेपश्चातमात्र भ्रमण वील भुक्तानी गर्नु पर्नेछ ।

(४) मुख्यमन्त्री र मन्त्रीको भ्रमण सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९. चाडपर्व खर्च : (१) मुख्यमन्त्री र मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको रकम मुख्यमन्त्री र मन्त्रीले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन् ।

१०. बीमा सुविधा : मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैंया बराबरको यात्रा बीमा गर्न लाग्ने रकम दिइनेछ ।

११. सल्लाहकार सुविधा : मुख्यमन्त्रीलाई आवश्यक भएमा मन्त्रिपरिषद्को निर्णय बमोजिम आवश्यक कार्यविधि वनाई विषयगत सल्लाहकारको व्यवस्था गर्न सकिनेछ ।

१२. निजी सचिवालयको व्यवस्था : (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई आफ्नो कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्नेछ ।

१३. अतिथि सत्कार खर्च : मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

१४. अङ्गरक्षक र गार्डको सुविधा : मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१५. शपथ : मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१६. सुविधा लागू हुने : मुख्यमन्त्री तथा मन्त्रीले यस ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मितिदेखि पाउनेछन् ।

१७. <u>अनुसूचीमा हेरफेर</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१८. <u>बचाउ</u> : यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि मुख्यमन्त्री तथा मन्त्रीहरुले पाएको पारिश्रमिक र सुविधा यसै ऐन बमोजिम पाएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१), दफा ६ को उपदफा (२), दफा ८ को उपदफा (१), (२), दफा १२ को (२) र (३) र दफा १३ सँग सम्बन्धित)

### मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | [₰]पारिश्रमिक | मासिक रुपैयाँ | ७१,००० ।- | ६३,००० ।- | ६०,००० ।- | ५८,००० ।- |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | - | २५,००० ।- | २०,००० ।- | २०,००० ।- |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु | - | २५,००० । | २५,००० । | २५,००० । |
| ४. | सवारी | मोटर (वटा) | २ | १ | १ | १ |
| ५. | सवारी इन्धन पेट्रोल/डिजेल | लिटर (मासिक) | आवश्यकता अनुसार | २५० लि. | २०० लि. | २०० लि. |
| ६. | मोवील | लिटर (त्रैमासिक) | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५ लि. | ५ लि. |
| ७. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | २,००० । | २,००० । | २,००० । | २,००० । |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | वील अनुसार | वील अनुसार | वील अनुसार | वील अनुसार |
| ९. | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | २,५०० ।- | २,५०० ।- | २,५०० ।- | २,५०० ।- |
| १०. | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५ ।- | २२५ ।- | २२५ ।- | २२५ ।- |
| ११. | अतिथि सत्कार | प्रति महिना रुपैयाँ | १०,००० | ९,००० | ८,००० | ७,५०० |

[₰] मिति २०७६-११-२९ को सूचनाद्वारा हेरफेर गरिएको (प्रदेश राजपत्र मिति २०७६-११-२९) ।

द्रष्टव्य :

मुख्यमन्त्री र मन्त्रीले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि -

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्क, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

## अनुसूची-२

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा रहने कर्मचारी

| क.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायकमन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प. द्वितीय श्रेणी वा सो सरह) | जना | १ | | | |
| २. | स्वकीय सचिव (रा.प. तृतीय श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ३. | प्रशासन सहायक (रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | | |
| ४. | कार्यालय सहयोगी | जना | २ | २ | १ | १ |
| ५ | हलुका सवारी चालक | जना | २ | १ | १ | १ |

अनुसूची-३

(दफा १५ सँग सम्बन्धित)

शपथ

म....... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं..... को.............पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

नाम :

दस्तखतः

मिति :

⊗⊗⊗